# देवानगञ्ज गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## देवानगञ्ज, सुनसरी
## १ नं प्रदेश, नेपाल

## औषधी खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना
**प्रथम पटक प्रकाशित मिति २०७५/१२/१३**

यस गाउँपालिकाको चालु आ.व. २०७५/०७६ को लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० र नियमावली, २०६४ को नियम ८४ बमोजिम विभिन्न औषधी तथा सर्जिकल सामाग्रीहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक कम्पनी, फर्म वा संस्थाहरुले निम्न सर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिएको छ।

**शर्तहरु**

१. दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने इच्छुक नेपाली आपूर्तिकर्ताले लिखित आवेदनसहित यस देवानगञ्ज गाँउपालिकाको कार्यालय, देवानगञ्जमा रु. १,०००/०० (फिर्ता नहुने गरी) बुझाई अध्यावधिक नवीकरण गरिएका औषधी व्यवस्था विभागमा दर्ता भएका प्रमाण पत्र, स्थायी लेखा नं., आ.व. ०७४/०७५ को कर चुक्ताको प्रमाण पत्र प्रमाणित प्रतिलिपिहरु सहित सूचना प्रकाशित मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र खरिद गर्न सक्नेछन्।

२. दरभाउपत्र पेश गर्दा दरभाउपत्र साथ रु. ४५,०००/०० (अक्षरेपी पैतालिस हजार मात्र) खोलिने मितिदेखि गणना हुने गरी ७५ दिन मान्य अवधि रहने गरी नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत प्राप्त वाणिज्य बैंकबाट जारी गरेको बैंक जमानत वा देवानगञ्ज गाउँपालिका, देवानगञ्जको राष्ट्रिय वाणिज्य बैंक, इनरुवास्थित धरौटी खाता नं. २२२०३०३००७१०८ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर दरभाउपत्र साथ संलग्न गर्नुपर्नेछ।

३. खरिद भएका दरभाउपत्रहरु १६ औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्रहरु दिउँसो २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

४. आपूर्ति गर्नुपर्ने औधषी तथा सर्जिकल सामाग्रीहरुको विवरण दरभाउपत्र फाराम सँगै उपलब्ध गराइनेछ।

५. दरभाउपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षरबीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएमा दरभाउपत्रदाताको सहीछाप भएको हुनुपर्नेछ।

६. औषधी आपूर्ति गर्दा WHO GMP Certified Company हरुबाट उत्पादित औषधीहरु आपूर्ति गर्नुपर्नेछ। साथै औषधीहरुको Expiry Date आपूर्ति गरिने समयदेखि कम्तिमा १ वर्षसम्म रहनुपर्नेछ।

७. बोतलमा प्याकिङ्ग हुने औषधीहरु सबै प्लास्टिकको बोतलमा हुनुपर्नेछ।

८. रित नपुगी वा म्याद नाघि आएको वा विभिन्न शर्त उल्लेख गरिएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

९. बोलपत्र पेश गर्नेले बोलपत्र फारामको प्रत्येक पानामा दस्तखत गर्नुपर्नेछ।

१०. एक कम्पनी, फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को कम्पनी, फर्म वा संस्थाको नाममा दाखिला गर्न पाउनेछैन।

११. सामाग्रीहरु यस गाउँपालिकाको कार्यालयको हाताभित्र आपूर्ति गर्नुपर्नेछ। साथै ढुवानी खर्च सम्बन्धित दरभाउपत्रदाताले व्यहोर्नुपर्नेछ।

१२. दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम दिन र खोलिने दिन बिदा परेमा सो कार्य सो को भोलीपल्ट सोही समयमा हुनेछ।

१३. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) बमोजिम हुनेछ।

१४. यो सूचना देवानगञ्ज गाउँपालिकाको www.dewanganjmun.gov.np मा समेत राखिएको छ।

**सिलबन्दी दरभाउपत्र सम्बन्धी विवरण**

| सि.नं. | दरभाउपत्र नं. | कूल लागत अनुमान (मु.अ.क. सहित) रु. | कामको विवरण | धरौटी रु. |
|---|---|---|---|---|
| १. | १/०७५/०७६ | ९,००,०००/०० | विभिन्न औषधी तथा सर्जिकल सामाग्रीहरु | ४५,०००/०० |